श्री

# बारा जिल्ला अदालत

## वार्ता द्वारा सवारी साधन बिक्री गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशन मिति २०७५/०३/३२**

प्र.ना.नि.पुरुराज रिमालको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी धनबहादुर लो समेत भएको लागु औषध गाजा (073-cr-0177) मुद्दामा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क र ९०ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत बमोजिम डाँक बढाबढ द्वारा एकमुष्ट लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि आह्वान गरी मिति २०७५।२।२१ मा प्रथमपटक र मिति २०५।३।१४मा दोस्रोपटक सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मिति सम्ममा कोही कसैले पनि लिलाममा चढेका उक्त सवारी साधनहरु लिलाम सकार गर्न नआएकोले उक्त सवारी साधनहरु जिल्ला अदालत नियमावली २०५२ को नियम ९०क को उपनियम (१०) र ऐ. को नियम ९०ख को उपनियम (५) अनुसार कानुनले तोकेका बिभिन्न कार्यालयहरुका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ता द्वारा एकमुष्ट बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनको विवरण

| सि.नं. | जिन्सी नं. | मुद्दा नं. | मुद्दा | जिन्सी सामानको बिबरण | स ङ्ख्या | मोडेल नं./ईन्जिन नं./च्यसिस नं. | कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २८४ | 073-CR-177 ५०-०७३-०१७७८ | लागु औषध गाजा | ना.३ख ८६६ नं.को भाडा ट्रक | १ | मो.LPT1613TC/48(2005) ई.नं.50B62389142 चे.नं.388050BUZ106934 | रु.९२५०००/ (नौलाख पचिस हजार) | |
| २ | ,, | ,, | ,, | ना.३४प ६९३६ नं.को पल्सर रातो २२० सि.सी मोटरसाईकल | १ | मो.२०१५ ई.नं.DKZCFL-00252 चे.नं.MD2A13EZFCL-13101 | रु.१२००००/ (एक लाख बीस हजार) | |

१. वार्ता द्वारा बिक्री गरिने मिति समय र स्थानः- २०७५ साल श्रावण १४ गते दिउसो २.०० बजे देखि ४.०० बजे सम्म यस अदालतको तहसिल शाखा ।

२. वार्तमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७५।४।१४ गते दिउसो २.०० बजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु १०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतमा बुझाई वार्तामा निवेदक स्वयम् उपस्थित हुनु पर्ने छ ।

३. निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने व्यक्ति वा फर्मलाई मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराईने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समय भित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ता द्वारा मुल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बिच लिलाम बढाबढको प्रक्रिया अपनाईने छ सो प्रक्रियामा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाइएका उक्त जिन्सी सामानहरु बिक्री गरिनेछ ।

५. वार्ता (लिलाम) मा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । वार्ता (लिलाम) सम्पन्न भएपछि डाक सकार गरि लिने ब्यक्तिले ७ दिन भित्र आफूले कबूल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्दी कर र बाँकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबुल गरेको रकम र मुल्य अभिवृद्दी कर दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन बमोजिम जफत गरीनेछ ।

६. लिलाम सम्पन्न हुँदा सबभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा फर्मको बाहेक अन्यको धरौटि सोहि दिन फिर्ता गरिने छ ।

७. अन्य कुराहरु यस अदालतबाट यस अघि प्रकाशित सूचना एवं प्रचलित कानुन बमोजिम हुनेछ ।

८. यस सम्बन्धी थप कुराहरु बुझ्न परे कार्यालय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

२०७५।३।३२

तहसिलदार